# प्रदेश सरकार

## पर्यटन, वन तथा वातावरण मन्त्रालय

# पर्यटन कार्यालय

## धरान, कोशी प्रदेश

## नागरिक वडापत्र

| सि.नं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | **होमस्टे सम्बन्धी** | | | | | |
| १.१ | दर्ता | १. अनुसूची-१ बमोजिमको निवेदन<br>२. सम्बन्धित स्थानीय तह/वडा कार्यालयको व्यवसाय दर्ता प्रमाणपत्र/सिफारिस पत्र<br>३. जग्गाधनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण, मञ्जुरीनामा; भाडाको घर जग्गा भए घरभाडा सम्झौताको प्रतिलिपि<br>४. सहरी क्षेत्रभित्र भए नक्सा पासको प्रतिलिपि<br>५. घरजग्गा स्पष्ट देखिने फोटो<br>६. होमस्टे सञ्चालकहरूको २/२ प्रति फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>७. सामुदायिक होमस्टेको हकमा कम्तीमा ५ जना घरधनीले सामूहिक रूपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता पत्र, अख्तियारनामा र अनुसूची-९ बमोजिमको विधान २ प्रति<br>८. आधारभूत प्रशिक्षण लिएको भए प्रमाणपत्रको प्रतिलिपि<br>९. प्रस्तावना पत्र<br>१०. स्थायी लेखा नम्बर (PAN) | कार्यालयबाट स्थलगत अनुगमन गरेपछि<br><br>(निवेदन प्राप्त भएको १५ दिनभित्र कार्यालयले होमस्टेको स्थलगत अनुगमन गर्नेछ) | १. निजी होसम्टेलाई रु. २०००/-<br><br>२. सामुदायिक होमस्टेलाई रु. ५०००/- | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |
| १.२ | नवीकरण | १. अनुसूची-४ बमोजिमको निवेदन<br>२. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन<br>३. कर चुक्ता प्रमाणपत्र | आवश्यक कागजात र प्रमाण पुगे सोही दिन | १. निजी होमस्टेलाई रु. ५००/- | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |

| सि.नं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | ४. अनुसूची-५ बमोजिमको प्रगति प्रतिवेदन<br>५. स्थानीय तह/वडा कार्यालयको म्याद बहाल रहेको व्यवसाय दर्ता प्रमाणपत्र<br>६. सामुदायिक होमस्टेको हकमा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि | | २. सामुदायिक होमस्टेलाई प्रति घर रु. १००/- को दरले हुने एकमुष्ट रकम।<br><br>विलम्ब जरिवानाः-<br>म्याद नाघेको पहिलो ३ देखि ६ महिनासम्म ५०%, सोभन्दा पछि ६ महिनासम्म १००% थप जरिवाना लाग्नेछ। | | |
| १.३ | जंगलस्टे, टेण्टस्टेको अनुमति (एकपटकमा बढीमा ९० दिनको लागि) | १. लिखित निवेदन<br>२. स्थानीय प्रशासनको स्वीकृति पत्र | आवश्यक जाँचबुझ पश्चात १ दिन | रु. १०००/- | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |
| १.४ | नामसारी | १. अनुसूची-६ बमोजिमको निवेदन<br>२. जग्गाधनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण, मञ्जुरीनामा वा भाडाको घर जग्गा भए सोको सम्झौताको प्रतिलिपि<br>३. सहरी क्षेत्रभित्र भए नक्सा पासको प्रतिलिपि<br>४. निजी होमस्टे भए सम्बन्धित वडा कार्यालयको सिफारिस र सामुदायिक होमस्टे भए व्यवस्थापन समितिको सिफारिस<br>५. होमस्टे नामसारी गरी लिने दिने दुवैको नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>६. होमस्टे नामसारी गरी लिने दिने बिच नामसारीको लागि भएको सम्झौता<br>७. होमस्टेको लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र<br>८. होमस्टे सञ्चालन प्रमाणपत्र सक्कल प्रति | आवश्यक कागजात र प्रमाण पुगे सोही दिन | निःशुल्क<br><br>(होमस्टेको नवीकरण गर्नुपर्ने अवस्था रहेमा सि.नं. १.२ बमोजिमको नवीकरण शुल्क लाग्नेछ) | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |
| १.५ | होमस्टे बन्द गर्न | १. लिखित निवेदन<br>२. स्थानीय तहको सिफारिस<br>३. स्थानीय तहमा व्यवसाय दर्ता गरेको भए सो बन्द गरेको प्रमाण वा सिफारिस<br>४. स्थायी लेखा नम्बर स्थगन गरेको प्रमाण<br>५. निवेदनको मितिसम्मको कर चुक्ता गरेको प्रमाण | आवश्यक कागजात र प्रमाण पुगे सोही दिन | निःशुल्क<br><br>(होमस्टेले तिर्नु बुझाउनुपर्ने अन्य कुनै वक्यौता भए सो बराबरको रकम तिर्नुपर्नेछ) | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |

| सि.नं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| २. | **ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी** | | | | | |
| २.१ | दर्ता | १. अनुसूची-१ बमोजिमको दरखास्त<br>२. प्रचलित कानून बमोजिम फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>३. कम्पनीको हकमा प्रबन्धपत्र र नियमावलीको प्रमाणित प्रतिलिपि, रु. २५ लाख चालु पूँजी र रु. १० लाख चुक्ता पूँजी खुलेको प्रमाणपत्र, शेयर लगतको प्रमाणित प्रतिलिपि<br>४. फर्मको हकमा रु. १५ लाख चालु पूँजी र रु. ७ लाख चुक्ता पूँजी खुलेको प्रमाणपत्र र शेयर भए शेयर लगतको प्रमाणित प्रतिलिपि<br>५. प्रोप्राइटर, साझेदार वा संस्थापकको नागरिकताको प्रमाणित प्रतिलिपि; विदेशी नागरिक भए राहदानी र नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) को प्रमाणित प्रतिलिपि, व्यवसाय गर्न पाउने नेपाल सरकारको आधिकारिक अनुमति पत्र, नेपाल सरकारद्वारा प्रदान गरिएको उद्योग वा व्यवसाय गर्ने इजाजतपत्र र प्रचलित कानून बमोजिमको अन्य कागजात<br>६. प्रोप्राइटर, साझेदार वा संस्थापक शेयरधनीको २/२ प्रति फोटो सहितको व्यक्तिगत विवरण<br>७. घरजग्गाको नक्सा, तिरो तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि; भाडामा लिने भए घरभाडा सम्झौताको प्रमाणित प्रतिलिपि<br>८. कबुलियतनामा<br>९. एकभन्दा बढी प्रोप्राइटर, सञ्चालक भए कुनै एक जनालाई अख्तियारी दिएको कागजातको प्रतिलिपि<br>१०. रु. १ लाख बराबरको एक वर्ष म्याद रहेको राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंकबाट जारी गरिएको सक्कल बैंक ग्यारेन्टी।<br>११. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि<br>१२. कम्पनी/फर्म दर्ता गरेको एक आ.व. भुक्तान गरेको भए अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि<br>१३. सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | आवश्यक कागजात र प्रमाण पुगे सोही दिन | रु. १५०००/-<br>इजाजत दस्तुर<br><br>रु. १०००/-<br>सञ्चालन शुल्क | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |
| २.२ | नवीकरण | १. अनुसूची-३ बमोजिमको दरखास्त<br>२. अनुसूची-१७ बमोजिमको प्रतिवेदन<br>३. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन | आवश्यक कागजात र प्रमाण पुगे सोही दिन | रु. ५०००/-<br>नवीकरण दस्तुर | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |

| सि.नं. | सेवाको विवरण | आवश्यक पर्ने कागजातहरू | लाग्ने समय | लाग्ने शुल्क | जिम्मेवार शाखा | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| | | ४. करचुक्ता प्रमाणपत्र<br>५. स्थानीय तह/वडा कार्यालयको म्याद बहाल रहेको व्यवसाय दर्ता प्रमाणपत्र<br>६. कम्पनी भए कम्पनी अद्यावधिक गरेको पत्र | | विलम्ब जरिवानाः-<br>म्याद नाघेको पहिलो ३ महिनासम्म २५%, सोभन्दा पछि पुनः तीन महिनासम्म १००% नवीकरण दस्तुरको थप जरिवाना लाग्नेछ।<br><br>रु. १०००/-<br>सञ्चालन शुल्क | | |
| २.३ | इजाजतपत्र प्रतिलिपि | १. लिखित निवेदन | आवश्यक कागजात र प्रमाण पुगे सोही दिन | रु. २०००/- | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |
| २.४ | एजेन्सी बन्द गर्न | १. लिखित निवेदन<br>२. कम्पनी/फर्म बन्द गरेको प्रमाण<br>३. स्थानीय तहमा व्यवसाय दर्ता गरेको भए सो बन्द गरेको प्रमाण<br>४. स्थायी लेखा नम्बर स्थगन गरेको प्रमाण | आवश्यक कागजात र प्रमाण पुगे सोही दिन | निःशुल्क<br><br>(एजेन्सीले तिर्नु बुझाउनुपर्ने अन्य कुनै वक्यौता भए सो बराबरको रकम तिर्नुपर्नेछ) | पर्यटन प्रवर्धन शाखा | कार्यालय प्रमुख |

**द्रष्टव्यः-** होमस्टेको लागि **होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७** र ट्राभल एजेन्सीको लागि **पर्यटन विकास नियमावली, २०७७** ले निर्दिष्ट गरे बमोजिमका अनुसूचीहरू प्रयोग गर्नुपर्नेछ।